# <u>याङवरक गाउँ सभा</u>

सभा संख्या :- १

सभा मिति : २०७४/०५/३१

नेपालको संविधानको धारा २२१ मा गाउँपालिकाको व्यवस्थापकीय अधिकार गाउँ सभामा निहित रहनेर धारा २२४ मा गाउँ कार्यपालिकाका अध्यक्ष पदेन गाउँ सभा अध्यक्ष भई कार्य सम्पादन गर्ने व्यवस्था भएकोले श्री लेख नाथ घिमिरेज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा गाउँ सभा बसी देहाय अनुसार निर्णयहरु गरियो ।

**<u>तपसिल :</u>**

अध्यक्ष श्री लेख नाथ घिमिरे

उपाध्यक्ष श्री कमल कुमारी योङहाङ

सदस्य श्री मोहन कुमार ढुंगेल

सदस्य श्री देउ कुमार योङहाङ

सदस्य श्री मविन्द्र योङ्या

सदस्य श्री शहरनन्द योङहाङ

सदस्य श्री टेकनाथ नेउपाने

सदस्य श्री तारा बहादुर योङहाङ

सदस्य श्री कृष्ण कुमारी नेपाली

सदस्य श्री तिर्थमाया चाम्लिङ राई

सदस्य श्री आशा सेलिङ

सदस्य श्री चिजमाया योङ्या

सदस्य श्री कुमारध्वज सुनुवार

सदस्य श्री विमल राई

सदस्य श्री गंगा देवी माङमो

सदस्य श्री देवी माया गुरुङ

सदस्य श्री खड्ग कुमारी सापकोटा

सदस्य श्री गीता देवी दमाई

सदस्य श्री रुपा कुमारी वि.क.

सदस्य श्री रेनुका कामी

सदस्य श्री लक्ष्मी कामी

सदस्य श्री कृष्ण कुमारी नेपाली

सदस्य श्री चन्द्रकला रामुदामु

सदस्य श्री राजेन्द्र खालिङ राई

सदस्य श्री प्रेम कुमार राई

सदस्य श्री हरि प्रसाद अधिकारी

सदस्य श्री मचिन्द्र सेलिङ

सदस्य श्री श्रीप्रसाद सेलिङ

सदस्य श्री कृष्ण राज माबो

सदस्य श्री देवी प्रसाद दाहाल

सदस्य श्री दुर्गा प्रसाद योङ्हाङ

सदस्य श्री देवी प्रसाद कोईराला

सदस्य श्री नर बहादुर भारती

सदस्य श्री याम कुमार काम्बाङ

सदस्य-सचिव श्री डम्बर बहादुर आङदेम्बे

**निर्णय नं. १**

विधेयक समितिबाट दफावार छलफल भईपेश भएको"याङवरक गाउँ सभा सञ्चालन कार्यविधि, २०७४"सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

विधेयक समितिबाट दफावार छलफल भई पेश भएको"याङवरक गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४"सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

विधेयक समितिबाट दफावार छलफल भई पेश भएको"याङवरक गाउँपालिकाको "आर्थिक विधेयक, २०७४"सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

विधेयक समितिबाट दफावार छलफल भई पेश भएको"गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, २०७४"सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

नेपालको संविधानको धारा २१७ (१) मा व्यवस्था भए बमोजिम निम्न अनुसार "न्यायिक समिति"उपाध्यक्षज्यूको संयोजकत्वमा गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निम्न :**

१। संयोजक - उपाध्यक्ष श्री कमल कुमारी योङहाङ

२। सदस्य - सदस्य श्री देवी प्रसाद कोईराला

३। सदस्य - सदस्य श्री दुर्गा प्रसाद योङहाङ

**निर्णय नं. ६**

याङवरक गाउँपालिका गाउँ सभा सञ्चालन कार्यविधि, २०७४"को दफा ४८ (१) ख मा व्यवस्था भए बमोजिम निम्न अनुसार"लेखा समिति" गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निम्न :**

१. संयोजक - सदस्य श्री कुमारध्वज सुनुवार

२. सदस्य - सदस्य श्री याम कुमार काम्बाङ

३. सदस्य - सदस्य श्री आशा सेलिङ

**निर्णय नं. ७**

गाउँ कार्यपालिकाले गठन गरेको विधेयक समितिलाई अनुमोदन गरी उक्त समितिलाई नैयाङवरक गाउँपालिका गाउँ सभा सञ्चालन कार्यविधि, २०७४"को दफा ४८ (१) क मा व्यवस्था भए बमोजिम निम्न अनुसार "विधेयक समिति" गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निम्न :**

१. संयोजक - सदस्य श्री देवी कोईराला

२. सदस्य - सदस्य श्री नर बहादुर भारती

३. सदस्य - सदस्य श्री याम बहादुर काम्बाङ

**निर्णय नं. ८**

याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट पदाधिकारी तथा कर्मचारीहरुको सेवा सुविधा, पदपूर्ति समितिबाट करारमा कर्मचारी नियुक्ति सिफारिस, गाउँपालिका वा अन्तर्गत कार्यरत कर्मचारीको म्याद थप तथा नेपाल सरकारबाट तोकिए बमोजिम स्केल बराबर तलब, भत्ता उपलब्ध गराउने, गाउँ कार्यपालिकाबाट जारी गरिएका नियमावली, कार्यविधि, निर्देशिका, आदेश, निर्देशन, गाउँपालिकाबाट भएका विविध समिति गठन तथा अन्य निर्णयहरु सम्बन्धि निर्णयहरुलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९**

यस गाउँ सभामा छलफल भई गाउँ कार्यपालिकाबाट चालु आर्थिक वर्ष २०७४/०७५ मा बाधा अड्काउ फुकुवा गर्ने, सेवा प्रवाह सम्बन्धि निर्णय, अबण्डामा रहेका बजेटको बाँडफाँड गर्ने, प्रचलित कानुन बमोजिम शिर्षकगत रकमान्तर गर्ने, अधिकार क्षेत्र भित्रका विषयगत कार्यालय, प्रशासनिक सङ्गठन तथा पदाधिकारी/कर्मचारी सम्झौता, सेवा, सुविधा थपघट, बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अपनाउनु पर्ने कार्यविधि स्वीकृत गर्ने, नेपाल सरकारका प्रचलित ऐन, नियम लागु गर्ने, गाउँपालिकालाई कुनै पनि किसिमको व्यय भार पर्ने गरि हुने निर्णय, नेपाल सरकार र प्रदेश सरकारसित समन्वय गर्ने, लगायतका हाललाई यस सभालाई प्राप्त अन्य सम्पूर्ण अधिकारहरु गाउँ कार्यपालिकाबाट हुने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०**

याङवरक गाउँपालिकाको "विनियोजन विधेयक, २०७४"रआर्थिक वर्ष २०७४/०७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रमलाई पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।